आज मिति २०६३ साल पौष ५ गते मंगलवारका दिन जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठक समितिका अध्यक्ष एवं निमित्त प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद आचार्यज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी तपसिल बमोजिमको छलफल र निर्णय गरियो।

श्री कृष्ण प्रसाद आचार्य - अध्यक्ष, निमित्त प्र. जि. अ.
श्री पीताम्बर अधिकारी - प्रहरी बरिष्ठ उपरीक्षक
जितेन्द्र गुरुङ - ~~प्र.~~ सेनानी श्री रामदल गण
भीम बहादुर के.सी. स.प्र.नि. प्र.उ. श्री सशस्त्र गण
श्री कुलदेव शर्मा पौडेल - प्र. अ. स्वा. प्रमुख लपु
रामेश्वर मरहट्टा जि. प्राविधिक कार्यालय
शारदा त्रिवेदी प्र.म.वि.अ. म.वि.का.
खेमनाथ पोखरेल उप.शि.नि.अ. जिल्ला शिक्षा कार्यालय
रोम बहादुर महत गोदावरी न.पा. का.अ.
दिवाकर राई सि.मु.ई. चापागाउँ
फुल प्र. आचार्य डिभिजन सडक कार्यालय
शिव मंगल प्रसाद जि.व.अ. जि.व.का. ललितपुर
भरत प्र. देवकोटा व.कृ.वि.अ., जि.कृ.वि.का. ललितपुर
पार्वती थापा प.नि. जि.प.से.का. ल.पु.
सुषमा ग्रिसल इन्जिनियर, सिंचाइ विकास डिभिजन, कार्या
सान्त्वना देवकोटा केसी डि.सि.ए. कार्यक्रम संयोजक
गोपप्रसाद अधिकारी, प्र.अ. नं. को. ले. नि. का, ललितपुर
वैकुण्ठ आचार्य उ.कृ.सु.का.ल.पु. का.मु.का.प्र.
हरिश्चन्द्र लामिछाने ल.पु.उ.म.न.पा. इन्जिनियर
राजकुमार गुरुङ, RRNE/JICA Project
हितेश राज पन्त इन्जिनियर महालक्ष्मी न.पा.
सुदिन प्रधान Shelter Oxfam
विजय सिंह गुरुङ ले.नि.अ. आकाशवाणी केन्द्र
बलराम रिजाल क.प्र.अ. उ.वि.का. ल.पु.
पञ्चानन्द झा इन्जिनियर - श.वि.भ.नि.डि.का.
नवीन राज दाहाल प. व्यवस्थापक - LWF Nepal/RRC

गुवतचन्द्र श्रेष्ठ - इन्जीनियर खानेपानी तथा स.स.डि.का. लपु.
भुपराज दाहाल त्रि.का.प्र. NRA ललितपुर
श्री हरिप्रसाद दाहाल, स्था.वि.अ., सदस्य सचिव

**निर्णय नं. १**

भूकम्प सुरक्षा दिवस २०७३ मनाउने सन्दर्भमा ललितपुर जिल्लामा जिल्ला दैवी प्रकोप उद्धार समितिको संयोजकत्वमा तपशिल अनुसारको कार्यक्रमहरु विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको सहभागितामा संचालन गर्ने निर्णय गरियो ।

| कार्यक्रम गर्ने निकाय | मिति | स्थान | कार्यक्रम |
|---|---|---|---|
| १) ललितपुर उमनपा | २०७३।१०।२ | मंगलबजार | १) भूकम्प सम्बन्धि जनचेतनामूलक  र्‍याली<br>२) सडक नाटक |
| २) फ्रेन्ड्स सर्भिस काउन्सील | २०७३।१०।२ | लुभू र बुंगमती | १) जनचेतनामूलक  र्‍याली |
| ३) अक्सफाम/जिल्ला शिक्षा कार्यालय | | | १) उच्च माविका विद्यार्थीहरुका लागि भूकम्प<br>२) सुरक्षा सम्बन्धि निबन्ध प्रतियोगिता |
| ४) नेपाल रेडक्रस सोसाइटी, लपु | | | १) शाखाहरुमा प्राथमिक उपचार सामग्री वितरण<br>२) सरकारी विद्यालयहरुमा भिडियो प्रदर्शन |

**निर्णय नं. २**

५०० थान सुधारिएको चुल्हो तथा २ थान संस्थागत सुधारिएको चुल्हो वितरणका लागि भूकम्पबाट प्रभावित घरपरिवारहरुको लागि सिफारिश गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट प्राप्त भएकोमा जिल्ला साझेदारी संस्था (दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था) मार्फत सिफारिश भई आएको बुखेल तथा दलचोकी (यसपूर्व वितरण गरिएका वडाहरु बाहेक) गा.वि.स.हरु वितरण गर्ने तथा संस्थागत सुधारिएको चुल्हो २ थान प्रहरी चौकी, आश्रांग र प्रहरी चौकी, कालेश्वरलाई वितरण गर्ने भनि सिफारिश गर्ने निर्णय गरियो । साथै अक्सफाम संस्थाबाट चौघरे गा.वि.स.मा ५० थान सुधारिएको चुल्हो उपलब्ध गराउने जानकारी गराईयो ।

**निर्णय नं. ३**

निजी आवास पुन निर्माण अनुदानका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग घर निर्माणका लागि सम्झौता भएका संघसंस्थाहरुसँग समन्वय बैठक जिल्ला विकास समितिले राख्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

जिल्लाका ललितपुर उमनपा, महालक्ष्मी नगरपालिका, गोदावरी नगरपालिका, बज्रवाराही नगरपालिका, कार्यविनायक नगरपालिका तथा १९ गा.वि.स.हरुमा हालसम्म भएको लाभग्राही अनुदान सम्झौता सन्दर्भमा प्रगती विवरण बैठकमा प्रस्तुत गरि जानकारी गराइयो ।

**निर्णय नं. ५**

ललितपुर उपमहानगरपालिका अन्तर्गत वडा नं. ८ गुइटोलमा रहेको खुलाक्षेत्रमा JICA/RRNE परियोजनाको सहयोगमा प्रस्तावित प्रकोप/विपद् व्यवस्थापन केन्द्र निर्माणका लागि गृह मन्त्रालयमा सहमतीका लागि सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

ललितपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघबाट प्राप्त निवेदन माथि छलफल गर्दा विगतको भूकम्पबाट उक्त संस्थाको दुग्ध चिस्यान केन्द्र तथा सोमा रहेको सामग्रीहरुको क्षतिभएकोमा सो क्षति भएका सरसामानको मर्मत सम्भार तथा पुननिर्माण गर्न राष्ट्रिय सहकारी संघ लिमिटेड र पशुविकास मन्त्रालयलाई सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

बेलायत रेडक्रसको आर्थिक सहयोगमा ललितपुर जिल्ला बज्रवाराही नगरपालिका र कार्यविनायक नगरपालिकामा ५ वर्षे उत्थानशिल नगर प्रर्वद्धन र सहभागिता (SURE) कार्यक्रम संचालन २०१७ अगस्ट देखि २०२१ जुलाईसम्म हुने व्यहोरा बैठकमा अवगत गराइयो । नेपाल रेडक्रस सोसाइटी ललितपुर जिल्ला शाखा अन्तर्गत संचालित ERO भूकम्प प्रतिकार्य कार्यक्रमको कार्यक्षेत्र निम्न अनुसारको वडाहरु थप कार्यक्षेत्र विस्तारको लागि सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

लामाटार – ३ र ४

लुभु – ५ र ८

हरिसिद्धि – लपु उमनपा ३०

साथै बज्रवाराही नगरपालिकासँग जोडिएको नल्लु र भारदेउ गा.वि.स.मा समेत गतिविधि विस्तारको लागि सैद्धान्तिक सहमती प्रदान गरियो ।